आज मिति २०८१ पौष १० गते बुधबारका दिन नीलकण्ठ नगर-कार्यपालिकाको बैठक नगर प्रमुख श्री भीमप्रसाद ढुंगानाज्यूको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी निम्न प्रस्तावहरुमा छलफल तथा निर्णय गरियो।

## उपस्थिति

१. नगर प्रमुख श्री भीमप्रसाद ढुंगाना

२. नगर उप-प्रमुख श्री दिपक विश्वकर्मा

३. प्रमुख प्रशासकीय अधिकृत श्री पुरुषोत्तम सुवेदी (सचिव)

४. वडा अध्यक्ष श्री गणेश बहादुर गुरुङ

५. वडा अध्यक्ष श्री ध्वज बहादुर गुरुङ

६. वडा अध्यक्ष श्री राजकुमार श्रेष्ठ

७. वडा अध्यक्ष श्री हरि बहादुर श्रेष्ठ

८. वडा अध्यक्ष श्री राम बहादुर श्रेष्ठ

९. वडा अध्यक्ष श्री भुपेन्द्र कुमार श्रेष्ठ

१०. वडा अध्यक्ष श्री गौतमहरि अधिकारी

११. वडा अध्यक्ष श्री प्रकाशकुमार श्रेष्ठ

१२. वडा अध्यक्ष श्री राजन बराइली

१३. वडा अध्यक्ष श्री सरोज पाण्डे

१४. वडा अध्यक्ष श्री राम बहादुर श्रेष्ठ

१५. वडा अध्यक्ष श्री धर्मराज भण्डारी

१६. वडा अध्यक्ष श्री सोम बहादुर गुरुङ

१७. वडा अध्यक्ष श्री नमराज दुवाडी

१८. कार्यपालिका सदस्य श्री चिनामाया श्रेष्ठ

१९. कार्यपालिका सदस्य श्री राम्री नेपाली

२०. कार्यपालिका सदस्य श्री छनुमाया गुरुङ

२१. कार्यपालिका सदस्य श्री शान्ता थापा

२२. कार्यपालिका सदस्य श्री विशाल रोक्का

२३. कार्यपालिका सदस्य श्री लक्ष्मण रस्तेल

२४. कार्यपालिका सदस्य श्री मञ्जु थापामगर

का.अ. प्रमुख श्री रजत अधिकारी, वडा नं. 6

<u>अन्य आमन्त्रित उपस्थिति</u>

आर्जन श्रेष्ठ - वरिष्ठ लेखा अधिकृत

मनोज तिवारी - निजि सचिव

मिति: २०८१।०९।१० गते

**बैठकमा छलफलका विषयहरु:**

१. उच्च अदालतको मुद्दामा प्रतिनिधि तोक्ने सम्बन्धमा।
२. स्थानीय तह स्वमूल्याङ्कनको अंक दावी गर्ने सम्बन्धमा।
३. नगर अनुदान शिक्षकको विषय परिवर्तन गर्ने सम्बन्धमा।
४. दलित सशक्तिकरण कार्यक्रमका सम्बन्धमा।
५. पाँचौ मेयर कप ब्याडमिन्टन प्रतियोगिता सञ्चालन गर्ने सम्बन्धमा।
६. अन्य विविध विषयहरुका सम्बन्धमा।

नीलकण्ठ नगरपालिका

## नगर कार्यपालिकाको बैठक

मिति: २०८१।०९।१० गते

**निर्णयहरु:**

१. **उच्च अदालतको मुद्दामा प्रतिनिधि तोक्ने सम्बन्धमा:**
विपक्षी नीलकण्ठ नगरपालिका र नीलकण्ठ नगर कार्यपालिकाको कार्यालय, धादिङबेसी, धादिङ भएको परमादेश मुद्दामा (रिट नं. ०८१-WO-०९८८) सम्मानित श्री उच्च अदालत पाटन ललितपुरबाट जारी भएको १५ दिने म्यादको सूचना मिति २०८१/०८/२० गते तामेल भई पाएकोमा कार्यालयको कार्यव्यस्तताको कारण तोकिएको म्याद गुज्रन गएकोले गुज्रेको म्याद थामी थमाई यस कार्यालयको तर्फबाट सम्मानित श्री उच्च अदालत पाटन ललितपुरमा उपस्थित भई लिखित जवाफ प्रस्तुत गर्न, तारेखमा अदालतमा उपस्थित हुन, कानुन व्यवसायी नियुक्त गर्न र मुद्दा पुर्पक्ष समेतको लागि यस कार्यालयमा कार्यरत दिनेश दुवाडीलाई प्रतिनिधि नियुक्त गरी पठाउने निर्णय गरियो।

२. **स्थानीय तह स्वमूल्याङ्कनको अंक दावी गर्ने सम्बन्धमा:**
१. यस नगरपालिकाको नीति तथा कार्यक्रमबाटै नयाँ सडक विस्तार नगर्ने नीति लिएकाले स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ ले निर्धारण गरेको सूचकहरु मध्ये ७.३.१ मा पूर्ण अंङ दाबी गर्ने निर्णय गरियो।

२. खानेपानी सेवा विस्तार सम्बन्धमा सबै समुदायको घर परिवारमा खानेपानी सेवा पुगेको तथा वृहत खानेपानी आयोजना सन्चालन भएकाले थप विस्तार आवश्यक नभएपनी मर्मतसम्भार नियमित गर्नुपर्ने देखिएकाले स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ निर्धारण गरेको सूचकहरु मध्ये ७.३.३ मा पूर्ण अंङ दावी गर्ने निर्णय गरियो।

३. यस नगरपालिकामा लैङ्गिक हिंसा, बाल श्रम, बाल विवाह, जातिय विभेदजस्ता घटना शुन्य देखिएकाले स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ ले निर्धारण गरेको सूचकहरु ८.१.१, ८.२.१, ८.२.२, ८.३.१ मा पूर्ण अंङ दावी गर्ने निर्णय गरियो।

३. <u>नगर अनुदान शिक्षकको विषय परिवर्तन सम्वन्धमा:</u>

भैरवी माध्यमिक विद्यालयको माध्यमिक तहको नगर अनुदानकोटाको साविक गणित विषयको दरवन्दीवाट विद्यालयको माग अनुसार नै नेपाली विषय कायम गर्ने। साथै नीलकण्ठ बालमन्दिर विद्यालयको सङ्घीय सशर्त तर्फ माध्यमिक तह राहत दरवन्दीको साविकको अग्रेजी विषयको दरवन्दीलाई विद्यालयबाट माग भएबमोजिम विज्ञान विषयमा परिवर्तन गर्ने र सङ्घीय सशर्त तर्फको माध्यमिक तह करार दरवन्दीको साविकको अग्रेजी विषयलाई विद्यालयबाट माग भई आएबमोजिम लेखा विषयको दरवन्दीमा परिवर्तन गर्ने निर्णय गरियो।

४. <u>दलित सशक्तिकरण कार्यक्रमका सम्वन्धमा:</u>
बागमती प्रदेश सरकार, सामाजिक विकास कार्यालय, गजुरी, धादिङबाट मिति २०८१/०८/२८ गते विपन्न दलित सशक्तीकरण कार्यक्रम सञ्चालनको लागि प्रस्ताव पेशको लागि सूचना भएकाले सोकार्यक्रमको लागि यस नगरपालिकाबाट रु १० लाख सम्मको कार्यक्रम प्रस्ताव पेश गर्ने र उक्त कार्यक्रमको लागि बढीमा ५० प्रतिशत रकम यस नगरपालिकाले लागत साझेदारी गर्ने निर्णय गरियो।

५. पाँचौ मेयर कप ब्याडमिन्टन प्रतियोगिता सञ्चालन गर्ने सम्बन्धमा:

स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद भन्ने मुल अभिप्रायकासाथ यस नगरपालिकाद्वारा हरेक बर्ष मेयर कप ब्याडमिन्टन प्रतियोगिता आयोजना गर्दै आइरहेकोमा हालसम्म चार बटा मेयर कप सम्पन्न भईसकेको अवस्था छ, यस बर्ष समेत पाँचौ मेयर कप-२०८१, "National Ranking & Invitational Open Badminton Championship, 2081" आगामी (माघ) महिनामा आयोजना गर्ने र उक्त प्रतियोगिता सभ्य र भव्य रुपमा सम्पन्न गर्न नगर प्रमुखको संयोजकत्वमा देहाय बमोजिका सदस्य रहने गरी एक मुल आयोजक समिति गठन गर्ने निर्णय गरियो। साथै उक्त प्रतियोगिताका सम्बन्धमा हुने खेलसँग सम्बन्धित सम्पूर्ण निर्णयहरु गरी कार्यान्वयन गर्ने/गराउने अख्तियारी मुल आयोजक समितिलाई प्रदान गर्ने निर्णय गरियो।

तपसिल

| | | |
|---|---|---|
| क. | नगर प्रमुख | - संयोजक |
| ख. | नगर उप-प्रमुख | - सदस्य |
| ग. | प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| घ. | सामाजिक विकास समितिको संयोजक | - सदस्य |
| ङ. | धादिङ जिल्ला ब्याडमिन्टन संघका अध्यक्ष सहित ३ जना | - सदस्य |
| च. | आर्थिक प्रशासन शाखा प्रमुख | - सदस्य |
| छ. | शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख | -सदस्य सचिव |

नोट:- आवश्यकता अनुसार अन्य आमन्त्रित सदस्यहरुलाई बैठकमा समावेश गर्न सकिनेछ।

६. अन्य विविध विषयहरु

क. यस कार्यालयबाट सरसफाइ कार्यमा प्रयोग भएको नं.२९३६ को सक्सन भेइकल गाडीबाट नगर सभाको निर्णय अनुसार नगरपालिका क्षेत्रमा सेफ्टी टयाङ्की खाली गरे बापत उठेको शुल्कको २५ प्रतिशत रकम सो सम्बन्धित कर्मचारीहरुलाइ प्रोत्साहन स्वरुप उपलब्ध गराउने निर्णय भएकामा गत २०८०/०८१ को चैत्र १५ देखी आषाढ महिना सम्मको उठेको कुल रकमको २५ प्रतिशत प्रोत्साहन रकम सम्बन्धित

कर्मचारीहरुलाई भुक्तानी दिन छुट भएकोमा चालु आ.व.२०८१/०८२ मा उठेको कुल रकमको २५ प्रतिशतले हुन आउने रकममा उपलब्ध गराउँदा उक्त छुट रकम समेत थप गरी एकमुष्ठ उपलब्ध गराउने निर्णय गरियो।

ख. मिति २०८१ साल आषाढ ९ गतेको अविरल वर्षाको कारण नीलकण्ठ नगरपालिका विभिन्न स्थानहरुमा क्षती पुर्‍याएकोमा वडा नं. ३ मा पहिरो तथा सडक मर्मत कार्य गरी तात्कालिन आवस्थामा सडक सुचारु गर्नका लागि प्रयोग भएको डोजरको रकम भुक्तानी छुट भएको हुदाँ सो रकम भुक्तानीका लागि वन बातावरण तथा विपद व्यवस्थापन समितिको मिति २०८१ साल असोज १६ गतेको बैठकवाट सिफारिस भइ आएको हुदाँ मर्मत कार्यमा प्रयोग भएको डोजर भाडा भुक्तानी प्राविधिक मूल्याङ्कनको आधारमा हुन आउने रकम चालु आ.व.को विविध खर्च शीर्षकवाट हुने गरी भुक्तानी दिने निर्णय गरियो।

ग. वन बातावरण तथा विपद व्यवस्थापन समितिको मिति २०८१ साल भाद्र ११ को निर्णयानुसार सुन्दर वजार क्षेत्र नजिकै थोपल खोलाले कटान गरी तहाँका घरहरु अति जोखिम देखिएकोले तत्काल संरक्षणका लागि सिफारिस भई आएकोमा उक्त बस्ती संरक्षणका लागि विपद व्यवस्थापन कोषवाट खर्च हुने गरी रु ५,००,०००।- (अक्षेरुपी पाँच लाख) विनियोजन गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

घ. शिक्षा तर्फ नगर स्तरीय राष्ट्रपति रनिङ्ग शिल्डमा प्रस्तावित वजेटको क्रियाकलापहरुमा देहाय अनुसारको रकम वाडँफाड स्वीकृत गर्दै नपुग रकम रु ७(सात) लाख विविध खर्च शीर्षकवाट खर्च गर्ने गरी स्वीकृत गर्ने निर्णय गरियो।

तपसिल

| सि.नं. | विवरण | दर | संख्या | खर्च हुने रकम | कै. |
|---|---|---|---|---|---|
| १ | पुरस्कार | | | रु.७५,००० ।- | |
| | प्रथम | रु.३०००० | १ | रु.३०,०००।- | |
| | दोस्रो | रु.२५००० | १ | रु.२५,०००।- | |
| | तेस्रो | रु.२०००० | १ | रु.२०,०००।- | |
| २ | मञ्च व्यवस्थापन | | | रु.६०,०००।- | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | प्रमाणपत्र (प्रिन्ट सहित) | २०० | ४०० | रु.८०,०००।- | |
| ४ | मेडल, ट्रफी | | | रु.१,५०,०००।- | |
| ५ | सहभागि खाजा खर्च नजिक दुरी | २५०•३ | ४५० | रु.३,३७,५००।- | |
| ६ | सहभागि खाजा खर्च टाढा दुरी | ३००•३ | ३८० | रु.३,४२,०००।- | |
| ७ | प्रशिक्षक भत्ता | ३५००•४ | १४ | रु.१,९६,०००।- | |
| ८ | सहायक प्रशिक्षक भत्ता | २५००•४ | १८ | रु.१,८०,०००।- | |
| ९ | स्वयम सेवक भत्ता | १०००•४ | ३५ | रु.१,४०,०००।- | |
| १० | व्यवस्थापक भत्ता | २०००•५ | १० | रु.१,००,०००।- | |
| ११ | खेल सामग्री खरिद तथा भाडा | | | रु.२,००,०००।- | |
| १२ | बैठक खर्च | रु.१०००•४ | २५ | रु.१,००,०००।- | |
| १३ | अनुगमन | रु.१०००•४ | ५ | रु.२०,०००।- | |
| १४ | पानी | रु.२०० | २५० का. | रु.५०,०००।- | |
| १५ | प्रतिवेदन निर्माण | रु.१५०० | १ | रु.१,५००।- | |
| १६ | ब्यानर | रु.४००० | ४ | रु.१६,०००।- | |
| १७ | खाना तथा खाजा | | | रु.२,५०,०००।- | |
| १८ | प्रचार प्रसार (पत्रकार) | रु.१५००० | ३ | रु.४५,०००।- | |
| १९ | प्राथमिक उपचार | रु.१०००० | ४ | रु.४०,०००।- | |
| २० | विमा (खेलाडी) | रु.३० | ८५० | रु. २५,५००।- | |
| २१ | विविध | | | रु.९०,०००।- | |
| | | | जम्मा | रु.२४,९८,५००।- | |